*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

# इन्दिरा प्रसाईका कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचान

भगवती बस्नेत, कार्यक्रम प्रस्तोता, एभिन्युज टेलिभिजन
Email: basnetsibu@gmail.com
ORCID ID : 0009-0005-6184-6100

**लेखसार**

इन्दिरा प्रसाईका कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचान शीर्षकको यस लेखमा लैङ्गिक प्रतिनिधित्व र पहिचान सम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा इन्दिरा प्रसाईका कथाहरूको विश्लेषण गरिएको छ। गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषण विधिमा सम्पन्न यस लेखमा पुस्तकालयबाट सामग्रीको सङ्कलन गरिएको छ। यस क्रममा इन्दिरा प्रसाईका कथामा पात्रहरूको भूमिका अनुरूप तिनका लैङ्गिक प्रतिनिधित्वको विश्लेषण गरिनुका साथै नारी चरित्र र पुरुष चरित्रको प्रतिनिधित्व कसरी भएको छ भन्ने कुरा पनि केलाइएको छ। उनका कथाहरूमा समाजका विभिन्न लिङ्ग, वर्ग, समुदाय, धर्म, जाति, उमेर, संस्कृति आदिको प्रतिनिधित्व गर्ने पात्रहरू छन्। उद्देश्य प्राप्तिका निम्ति प्राथमिक सामग्रीका रूपमा कथाकार प्रसाईका कथालाई लिइएको छ र सैद्धान्तिक अवधारणा, पूर्वकार्य आदिलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । पुस्तकालयकार्यबाट सङ्कलित सामग्रीलाई प्रतिनिधि र पहिचानका आधारमा विश्लेषण गरी प्रसाईकाकथामा रहेको प्रतिनिधित्व र पहिचानको अवस्थालाई प्रस्ट पार्नु यसको लेखको निष्कर्ष रहेको छ।

*शब्दकुञ्जी* : उत्पीडित वर्ग, पितृसत्ता, प्रभुत्वशाली वर्ग, लैङ्गिकता, वर्चस्व।

Article's information: Manuscript received: 2024/11/25, Date of review: 2024/02/15, Date of manuscript acceptance: 2025/04/025 Publisher: Sahayaatra, Nepal, Bhojpur, DOI: https://doi.org/10.3126/sahayaatra.v8i1.80931
Homepage: https://www.nepjol.info/index.php/sahayaatra. Copyright (c) 2025 Sahayaatra Journal.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

कथाकार इन्दिरा प्रसाईले नारी र पुरुषका अनेक अवस्था तथा नारी र पुरुष बिच समाजले निर्धारण गरेका भूमिकालाई आधार बनाएर कथा सिर्जना गरेकी छन्। तीसको दशकदेखि साहित्य यात्रामा प्रवेश गरेकी प्रसाईका *मन शायद उघ्रँदैन* (२०५१), *बयान* (२०५५) *दोस्रो सत्ता* (२०६२), *मेरो कथा नलेखी दिनू* (२०७४), *बघेनी* (२०७९)कथासङ्ग्रह प्रकाशित छन्। यसका साथै उनका कविता, कथा, उपन्यास, निबन्ध, समीक्षालगायत विविध विधामा छपन्न ओटा कृतिहरू प्रकाशित छन्। मूलतः नारी समस्या अभिव्यक्त भएका उनका कथामा नारी वर्गले समाजमा सदिऔंदेखि भोग्नु परेका लैङ्गिक विभेद तथा उत्पीडनलाई प्रभावकारी र मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरिएको छ। उनले सामाजिक आवरणमा संरचित यौन चेतना, नारी पीडाको उपस्थिति, आर्थिक अभावका कारण जन्मिएको संवेदना, सामाजिक यथार्थ, पारिवारिक जीवन मूल्य, नारीका भोगाइ, अनुभूति, सङ्घर्ष आदिलाई विषयवस्तु बनाएकी छन्। यस शोधलेखमा लैङ्गिक प्रतिनिधित्व र पहिचानमा केन्द्रित रहेर नारी र पुरुषमा देखिएको पितृसत्तात्मक धारणा र व्यवहार तथा लैङगिक विभेद र उत्पीडनलाई विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।

## समस्याकथन र उद्देश्य

कथाकार इन्दिरा प्रसाईका कथाहरूको अध्ययन गरी तिनमा निहित प्रतिनिधित्व र पहिचानको खोजी तथा बिश्लेषण गरिएको यस लेखमा निम्न किसिमका शोध समस्या रहेका छन् :

(क) 'नेल्सन र नेली' र 'पात्र र पात्रहरू' कथामा के कस्तो प्रतिनिधित्व र पहिचान रहेको छ ?

(ख) 'हिमायती' र 'दुर्घटना र घटना' कथामा प्रतिनिधित्व र पहिचान कसरी आएको छ ?

(ग) 'दोस्रो सत्ता', 'उकुचको जलप' र 'मेरो कथा नलेखिदिनू' कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचान प्रस्तुत गर्नुको प्रयोजन के हो ?

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

उपर्युक्त प्रश्नहरूको निराकरण गर्नु नै यस लेखको उद्देश्य रहेको छ । इन्दिरा प्रसाईका कथाहरूमा प्रस्तुत लैङगिक प्रतिनिधित्व र पहिचानको निरूपण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

**अनुसन्धानविधि**

प्रस्तुत शोधलेखमा इन्दिरा प्रसाईका कथामा रहेका पहिचानमा भाषा, धर्म, लिङ्ग, जात, राष्ट्र आदि पक्षहरू समेटिने कथालाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ भने प्रतिनिधि र पहिचानसम्बर्न्धा सैद्धान्तिक अवधारणा र पूर्वकालाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्राथमिक तथा द्वितीयक स्रोतबाट लिइएका दुवै खाले सामग्री पुस्तकालय कार्यबाट सङ्कलन गरिएको छ । प्रस्तुत शोधकार्यमा निर्धारण गरिएका समस्याहरूको प्राज्ञिक समाधानका लागि सांस्कृतिक अध्ययनको लैङ्गिकतासम्बन्धी सैद्धान्तिक मान्यतालाई आधार बनाइएको छ । लैंËकताका समग्र सन्दर्भहरूको अध्ययन विश्लेषणका लागि लैंगिकता सम्बन्धि विभिन्न मान्यताहरू विकसित भएका छन् । यसमा लैङ्गिकअन्तर्गत यसका विभिन्न पक्षमध्ये लैङ्गिक प्रतिनिधित्व, पहिचान, लैङ्गिक सम्बन्ध, उत्पीडन तथा प्रतिरोध चेतनाका आधारलाई केन्द्रमा राखी कथाहरूको विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

लैङ्गिकता सांस्कृतिक अध्ययनअन्तर्गत पर्ने महत्त्वपूर्ण विषय हो । यसले साहित्यिक कृतिमा अभिव्यक्त सांस्कृतिक व्यवहार र शक्तिसँग त्यसको सम्बन्धलाई महत्त्वका साथ हेर्दछ । लिङ्ग प्राकृतिक हुन्छ र जैविक विशेषता आनुवंशिक रूपले नै निर्धारित हुन्छ । जैविक कारणले नारी र पुरुषका यौनाङ्गहरूमा भिन्नता पाइन्छ । यसै आधारमा यसलाई प्राकृतिक भनिएको हो र सामाजिक प्रक्रियाभन्दा विपरीत अर्थमा लिइएको हो (विल्टन र अन्य, सन् १९९६, पृ. २०३) । यसले सामाजिक-सांस्कृतिक सन्दर्भमा नारी र पुरुषको भूमिकालाई विश्लेषण गर्दछ । लैङ्गिक अध्ययन भनेको समाजमा पुरुष र महिलाको सम्बन्ध, समाजमा तिनको भूमिका तथा सामाजिक, आर्थिक, सांस्कृतिक संरचनामा महिला र पुरुषको समान अधिकारसम्बन्धी अध्ययन हो । यसले समाजमा महिला र पुरुषको प्रतिनिधित्व कसरी भएको छ र कसरी हुनुपर्छ भन्ने कुराको विश्लेषण गर्दै महिला र पुरुषको सांस्कृतिक पक्षको अध्ययन गर्दछ (भट्टराई, २०६८, पृ. २६१) । प्रतिनिधित्व र पहिचान सांस्कृतिक अध्ययनको क्षेत्र भएकाले यो लैङ्गिक अध्ययनसँग पनि सम्बन्धित छ । प्रतिनिधि भनेको सामाजिक रूपमा स्वतन्त्र हैसियत राख्ने कुनै पनि व्यक्ति, वर्ग, समुदाय वा समूह हो । लैङ्गिक प्रतिनिधित्व भन्नाले समाजमा सामूहिक परिचय बनाएका महिला तथा पुरुषको उपस्थिति र भूमिकाको स्थिति हो ।

समाजमा महिला पुरुषबिचमा निर्धारित गरेका मूल्यमान्यता, अवधारणा, संस्कार, व्यवहार आदिको समष्टि रूपलाई लैङ्गिकता शब्दले जनाउँछ । लैङ्गिकताले सामाजिक सम्बन्धका आधारमा निर्माणभएको सामाजिक संरचनामाथि नियन्त्रण गर्ने सांस्कृतिक अवधारणा र अभ्यासलाई बुझाउँछ (बार्कर, सन् २००८, पृ. ४८०) । लिङ्गगत भिन्नताको आधारमा समाजले पुरुष र महिलाका लागि जेजस्ता सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक, सांस्कृतिक तथा पारिवारिक भूमिका निर्धारित गरिदिएको हुन्छ, ती सबैलाई लैङ्गिकता अन्तर्गत राख्न सकिन्छ (खनाल, २०७५, पृ. १) । लैङगिक पहिचानले समाजमा नारीप्रतिको दृष्टिकोण र व्यवहारलाई जनाउँछ । पहिचानलाई पछिल्लो चरणको लैङगिक अध्ययनले व्यक्तिको सामाजिक पहिचानका रूपमा लिएको छ । त्यसकै आधारमा उसले आफ्नो सामाजिक हैसियत निर्माण गर्दछ (भट्टराई, २०७०, पृ. १११) । पुरुषसत्ताद्वारा स्थापित मूल्य र मान्यताका कारण पछि पारिएका नारी वर्गको स्वअस्तित्वको खोजी गर्नु लैङगिक पहिचानको विषय हो ।

उपाय नभएको, बोल्नै नसक्ने वा वाचाल मध्ये कस्तो अवस्थाको प्रतिनिधि हो त्यो पनि यसमा हेरिन्छ । प्रतिनिधित्वको आवाज कस्तो छ ? मौन छन् कि आफैँ बोलेका छन् वा अरूद्वारा बोलाइएका छन्, त्यो पक्ष पनि प्रतिनिधित्वमा हेर्न सकिन्छ (चैतन्य, २०७०, पृ. १५९) । कृतिमा वर्णन गरिएका, उपस्थित गराइएका लैङ्गिक प्रतिनिधिहरू आफ्नो अस्तित्वको खोजमा छन् कि छैनन् उनीहरू केन्›मा छन् कि किनारामा पारिएका छन् ? उनीहरू शक्ति निकट छन् कि शक्ति बाहिर छन् ? उनीहरूको विचारधारा के कस्तो छ ? जस्ता विविध पक्षहरूको अध्ययन लैङ्गिक प्रतिनिधित्व र पहिचानमा गरिन्छ । सांस्कृतिक सन्दर्भमा कुने वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति कृतिमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो । पहिचानमा भाषा, धर्म, लिङ्ग, जात,

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

राष्ट्र आदि पक्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । त्यसैले लैङ्गिक प्रतिनिधित्व र पहिचान सामाजिक सांस्कृतिक अध्यायनको क्षेत्रमा स्थापित मान्यता हो । इन्दिरा प्रसाईका कथामा प्रतिनिधित्व र पहिचानको तथ्य पहिल्याउन मूल सिद्धान्तमा आधारित भए पनि त्यसलाई कथामा प्रस्तुत भएका घटना, पात्र र परिवेशमा आधारित भएर कथाकार इन्दिरा प्रसाईद्वारा लिखित कथाहरूको लैङ्गिक प्रतिनिधित्व र पहिचानको अध्ययन र विश्लेषण गरिएको छ।

**विश्लेषण र नतिजा**

लैÏËक अध्ययन आधुनिक युगमा विकसित नवीन समालोचना प्रणाली हो । लैÏËक समालोचना अग्रेजी भाषा को 'जेन्डर क्रिटिसिजम 'को नेपाली रुपान्तरण हो । 'जेन्डर'लाई एकै रुपमा अनुवाद गरिएको पाइन्न । कसैले यसलाई 'लैÏËक भूमिका'भनेका छन् भने कतिपयले 'लैÏËक सम्बन्ध'का रुपमा लिएका छन् । 'जेन्डर शब्दले पुरुष र महिलाको समान विकासको तात्पर्य बुझाउने हुँदा यसलाई नेपालीमा लैंगिक सम विकास पनि भन्न सकिन्छ । प्रस्तुत शोध कार्य इन्दिरा प्रसाईका कथामा लैÏËक अध्ययनमा केन्›त छ । नारीवाद अन्तर्गत १९८० का दशकबाट लैÏËक अध्यनको विकास भएको पाइन्छ । लैÏËकता प्राकृतिक नभएर सामाजिक अवधारणा हो । लिË जीववैज्ञानिक विषय हो भने लैÏËकता सांस्कृतिक विषय हो । पुरुष र महिलाको आधारमा गरिने व्यवहार, दिइने भूमिका नै लैÏËकता हो । समाजमा खास गरी सामाजिक जीवन र विकासका कार्यहरूमा महिलाको कमजोर स्थिति,र त्यसको पछाडि महिला सम्बन्धित परम्परित धारणाका पृष्ठभूमिमा यस सिद्धान्तको विकास भएको हो । यो मान्छेमा जन्मजात रुपमा टाँसिएर आउने कुरा नभई उसको धारणा पछि विकसित हुने कुरो हो । इन्दिरा प्रसाईका कथामा पितृसत्ताले गरेको नारी, पुरुष र तेस्रोलिङ्गीप्रतिको दमन, त्यसको विरोध तथा प्रतिरोधी चेतनाका आवाज मुखरित छन् र तिनले सामाजिक चेतनाको निर्माण गर्न सक्छन् भन्ने तथ्य अध्ययनबाट प्राप्त भएको छ ।

इन्दिरा प्रसाईका कथाहरू विशेष गरी लैङ्गिक, समाज मनोविज्ञान, सामाजिक, तथा सांस्कृतिक पृष्ठभूमिमा लेखिएका छन् । सामाजिक आवरणमा संरक्षित यौन चेतना, नारीका सबल र दुर्बल पक्षहरू, नारीका पीडाका उपस्थिति, आर्थिक अभावका कारण जन्मिएका संवेदना, पुरुषप्रधान समाजमा व्याप्त नारीप्रतिको अविवेकी धारणा, नारीविभेदलाई कथाकार इन्दिरा प्रसाईले मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरेकी छिन् । उनका कथाका नारी चरित्रले समाजका विभिन्न किसिमका नारीहरूको प्रतिनिधित्व गरेका छन् । विभिन्न जाति, धर्म, वर्ग, सम्प्रदायका नारीहरूले भोगिरहेको कथाव्यथाहरूको प्रतिनिधि पात्रहरूलाई कथामा समेटिएको छ । उनका कथाहरू नारीप्रधान हुँदा हुँदै पनि पुरुष पात्रको भूमिका पनि उत्तिकै शक्तिशाली रहेको देखिन्छ । उनका कथाका पुरुष पात्रहरू पुरुषप्रधान नेपाली समाजका प्रतिनिधि पात्रका रूपमा देखापरेका छन् ।

**'नेल्सन र नेली' र 'पात्र र पात्रहरू' कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचान**

'नेल्सन र नेली' कथामा नारी र पुरुष पात्र लैङ्गिक भूमिकामा रहेका छन् । कथाकी मुख्य पात्र नेलीलाई केन्› बनाएर बथा सिर्जना गरिएको छ । यस कथाकी पात्र नेली पितृसत्ताको अधीनमा रहेकी छ । उसको भूमिका स्वतन्त्र हुँदा हुँदै पनि उसलाई बन्धनमा पारिएको छ । कथामा नेलीले पितृसत्तात्मक समाजबाट लैङ्गिक रूपमा पछि पारिएका नारी समुदायको प्रतिनिधित्व गरेकी छ । ऊ प्रभुत्वशाली पुरुषद्वारा शोषण र उत्पीडनमा परेकी पात्र हो । महिलालाई खेलौना सम्झने नेल्सनले आफैं महिलाको खेलौना भएको महसुस गर्न थाल्छ । प्रस्तुत कथामा लैङ्गिक दृष्टिकोणले प्रभुत्वशाली तथा अधीनस्थ संस्कृतिको प्रतिनिधिका रूपमा पुरुष रहेको छ । नेलीको प्रेमी नेल्सन, र सुपरभाइजरले यस कथामा पितृसत्तात्मक प्रभुत्वशाली संस्कृतिको प्रतिनिधित्व गरेका छन् । कथाका पुरुष पात्रको पहिचान प्रभुत्वशाली, निर्णायक र नारीको भावनालाई सम्मान गर्न नसक्ने परम्परावादी पितृसत्तात्मक रहेको छ । नेल्सन समर्थ र बलवान पुरुष पात्र हो । उसले धेरै केटीहरूसँग शारीरिक सम्बन्ध राखेको छ तर भावनात्मक रूपमा प्रेमको कुरा आउने बित्तिकै ऊ नेलीलाई सम्झन्छ तर उसलाई नेलीले छोडेर गए पनि उसकोको प्रभाव अझै रहेको र त्यसमा आफ्नो प्रभुत्व कायम गर्न खोजेको पुष्टि हुन्छ । पुरुषलाई जति जना महिलासँग हिँडडुल, उठबस गरे पनि छुट हुने तर महिलाले त्यस्तो गतिविधि गरेको चाल पाउँदा पुरुषसमूहले त्यसको फाइदा उठाउने, पुरुष आफूले आफैँलाई सर्वस्व ठान्ने भएको पितृसत्तात्मक समाजको संरचनाको कारण नेली लैङ्गिक विभेदमा परेकी छ । यस कथामा

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

नेलीको भोगाइबाट एउटी निम्नवर्गीय एकल महिला कसरी पुरुषको शोषणमा पारिएको हुन्छ भन्ने कुरा देखाइएको छ । कतिपय महिला यस्तो परिस्थितिमा हार खान्छन् । पुरुषको आधिपत्य र शक्तिको सामु आफूलाई समर्पित गरिदिन्छन् भने कतिपय महिला सक्दो सङ्घर्ष गर्दछन् । कथाकी नायिका नेली नेल्सनबाट धोका पाएपछि विक्षिप्त बनेकी छ । प्रभुत्वशाली वर्गले नारीका भावनालाई बेवास्ता मात्र गर्दैन, अन्तरभावनामा प्रहार गरी आफ्नो प्रभुत्वलाई कायम राख्छ भन्ने कुरालाई सुपरभाइजरले नेलीमाथि गरेको व्यवहारबाट पुष्टि हुन्छ । कथाकारले नेलीलाई आधुनिक र स्वतन्त्र बाँच्न चाहने नारीको प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गरेकी छन् । नेलीलाई आधुनिक पिढीकी स्वतन्त्र नारीका रूपमा प्रतिनिधित्व गराएकी छन् । नारी स्वतन्त्रता चाहने तर वाचाल भएर प्रत्यक्ष रूपमा समाजका विरुद्ध उभिन नसक्ने लाचार महिलाहरूको पहिचान नेलीले दिएकी छ ।

पात्र र पात्रहरू' कथा पुरुष र नारीको लैङ्गिक सम्बन्धबाट निर्मित कथा हो । कथा पारिवारिक लैङ्गिक सम्बन्ध परम्परामा केन्द्रित छ । समाजमा रहेको पति-पत्नी बिचको सम्बन्धमा पुरुष वर्चस्वशाली र नारी पराधीनताको अवस्था कथामा उल्लेख छ । सामाजिक मर्यादा र मूल्यलाई बचाइराख्न प्रभुत्व प्रस्तुत गर्ने पुरुष पात्रहरूका रूपमा उनीहरूको पहिचान भएको छ । चार सन्तानका पिता कामचन्‌ले पुनमलाई झुक्याएर बिहे गर्छ । आफूभन्दा कान्छी श्रीमती पुनम हुँदा हुँदै उसले कोठा भाडामा लिई अर्की केटी राखेर रमाइरहेको हुन्छ । ऊ नारी स्वतन्त्रतालाई बेवास्ता गर्छ । पितृसत्तात्मक संस्कारमा हुर्किएको पुरुष भएकाले ऊ 'मर्दको हजार रखौटी' भन्ने गर्छ । यस कथाका अर्को पुरुष पात्र रमेश हो । उसले रचनासँग प्रेम विवाह गरेको हुन्छ । बिहे अगाडि आकाशको तारा टिपेर ल्याउँछु भन्ने रमेशको पाशविक चरित्र बिहेपछि देखिएको छ । रमेश पति पत्नीको सम्बन्धमा सरोकारसम्म पनि राख्दैन । ऊ सामन्ती रूढि प्रवृत्तिको व्यक्ति हो । उसले रचनालाई डेढ वर्षको सहवासमा असह्य शारीरिक र मानसिक प्रताडना दिएको छ । प्रेमको संस्कारजन्य मानसिकतामा आफ्नो अस्तित्व गुमाएर पनि कुलको इज्जत र मर्यादा सम्झेर रचना रमेशसँग बसिरहेकी छ । परम्परावादी रूढि संस्कार बोकेको पुरुष पात्र रमेशको प्रभुत्वका कारण रचनाको दाम्पत्य जीवन सुखद बन्न सकेको छैन ।

प्रस्तुत कथाको अर्को पात्र रामनाथ धनाढ्य माता पिताका पुल्पिलिएको छोरो हो । उसले १६ वर्षको हुँदा १० वर्षकी रमोलादेवीसँग बिहे गरेको थियो । उसले बेहुली अवस्थादेखि नै रमोलालाई सास्ती दिएको छ । जुवा, तास रक्सीको खराब आदत भएको रामनाथले गाउँका चेलीबेटी हातपात गर्न र बालिकालाई बलात्कार गर्ने, घरमा राखेकी भान्से बाहुनीलाई यौनशोषण गरेर उसले आफ्नी पत्नी रमोलादेवीलाई मानसिक पीडा दिएर पैशाचिक हर्कत देखाएको छ । ऊ नारीले केही गर्न सक्दैनन् भन्ने ठान्छ । त्यसैले नियम, कानुन, सामाजिक मर्यादा, नैतिकता जस्ता कुराको कुनै वास्ता गर्दैन । यी पात्रहरूलाई नारीहरूको जीवनमाथि खेलवाड गर्ने सामन्ती सोचको पुरुषको रूपमा लिन सकिन्छ । समाजमा पुरुषलाई बहुविवाह गर्ने छुट छ । मर्दका सयवटी भन्ने उखान यसै मान्यताले ल्याएको धारणा हो । यस कथामा नारीहरूले लैङ्गिक उत्पीडन सहनु परेको तर नारी हक, अधिकारका लागि लड्न सक्ने प्रतिरोधी चेतना भएका नारीहरू भए पनि पितृसत्तात्मक समाजका अगाडि निरीह बनेको देखाइएको छ ।

पितृसत्तात्मक समाजमा पति परमेश्वर हुने भएकाले र महिलाहरू पनि त्यही समाजमा हुर्किएकाले उनीहरूको सोच पनि पतिले जे गरे पनि उसलाई भगवान मान्ने गरेको देखिन्छ । केटाले घरबाहिरको काम गर्ने, केटीहरू बच्चा पाउने, घरको काम गर्ने परम्परागत मान्यताका कारण डली त्यस मान्यतालाई पछ्याइरहेकी छ । डलीको स्त्रीजन्य समर्पण र भावुकताले नै संसारमा आइमाईहरू कमजोर हुने परिभाषाको समर्थन गरेको छ । डलीको भावुकता क्षणिक मात्र भएर जीवनको बाँकी अंशमा डडेलो लाग्दैन भन्न सकिदैन । यी दुवै कथामा प्रभुत्वशाली पुरुष वर्गले नारीलाई अधीनस्थ बनाई उनीहरूमाथि पितृसत्ताले लैङ्गिक विभेद र हिंसा भोग्न बाध्य पारेको देखिन्छ । यी दुई कथामा महिलाको पहिचान कमजोर देखाइएको छ । प्रभुत्वशाली नेल्सन र रामनाथका अगाडि नेली र रमोलादेवी लैङ्गिक रूपमा शोषणमा परेका निरीह नारीको प्रतिनिधि हो ।

### 'हिमायती' र 'दुर्घटना र घटना' कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचान

लैङ्गिक समालोचना सिद्धान्तका आधारमा कुनै पनि कृतिको विश्लेषण गर्दा समाजमा लैङ्गिक रूपले सीमान्तकृत बनेका वर्गको कृतिमा कसरी प्रतिनिधित्व गराइएको छ र कस्तो पहिचान भन्ने कुराको अध्ययन गरिन्छ ।

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

'हिमायती' कथाको पुरुष पात्र भूतपूर्व माननीयले समाजमा प्रभुत्वशाली वर्गको रूपमा रहेको पुरुष वर्गको प्रतिनिधित्व गरेको छ। पितृसत्ताकै शक्तिकै कारण महिलाले भोग्नु परेका पीडालाई कथाको विषय बनाइएको छ।

प्रस्तुत कथाले एकातिर पितृसत्तात्मक सामाजिक संरचनाले तोकिदिएको भूमिकाका कारण उत्पीडन सहन बाध्य सीमान्तकृत महिलाको प्रतिनिधित्व गराएको छ भने अर्कोतिर नेपाली समाजमा एउटा नारीले अर्को नारीमाथि गर्ने दुर्व्यवहार, अन्याय, अत्याचार, हिंसा, दमन बाहिर बाहिर नारी अधिकार र स्वतन्त्रताका कुरा गर्ने भित्र भित्र सौता बन्न जाने जस्ता प्रवृत्ति नेपाली समाजको सामूहिक चेतनालाई प्रतिनिधित्व गरेको छ। समाजमा महिलाहरू समाजले बनाएका मूल्य मान्यताकै कारण उत्पीडनमा परेका छन् । यस कथाकी पात्र चन्चलादेवीले समाजका अगाडि महिलाहरूप्रति हुने अन्याय अत्याचारप्रति हतियार भएर विरोध गर्ने नारी अधिकार र स्वतन्त्रताका निमित्त समर्पित हुने संस्थाकी अग्रणी भएर बोलेकी छन् भने भित्रभित्र उनले पत्नी र जवान छोराछोरी भएका एक अधबैसे पुरुषसँग विवाह गरेकी छन्। आफू स्वयम् नारी भएर अर्की नारीमाथि अन्याय अत्याचार गर्ने चन्चलादेवीमा वर्गीय चेतनाको प्रभाव देखिन्छ। कान्छी स्वास्नी लोग्नेको प्यारी हुने सामाजिक परम्पराको कारण अधबैंसे पुरुषको आडमा निर्दोष नारीप्रति दुर्व्यबहार गरेको बुझिन्छ। यसरी जवान छोराछोरी भएकी श्रीमती हुँदाहुँदै अर्काको घर बिगारेर कान्छी बनेर भित्रिने बाहिर बाहिर भने महिला अधिकारको कुरा गर्ने, चन्चलादेवीको मनोविज्ञानबाट उसमा पितृसत्तात्मक मानसिकताको छाप परेको प्रस्ट हुन्छ।

महिलाले घरेलु काम मात्र गर्ने र बच्चा जन्माउने अनि पुरुषले पैसा कमाउने र बाहिरको काम गर्ने भनेर समाजमा कामको बाँडफाँड भएको छ। कमाएर ल्याउने भएकाले पुरुष विशिष्ट र शक्तिशाली हुन्छ भनेर समाजले नै निर्धारण गरिदिएको छ। पितृसत्तात्मक सामाजिक व्यवस्थामा पुरुषले नारीमाथि कुनै न कुनै रूपमा प्रभुत्व जमाएका हुन्छन्।

कथाकार इन्दिरा प्रसाईको *दोस्रो सत्ता* (२०६६) मा सङ्गृहीत 'दुर्घटना र घटना' कथाका नारी पात्रहरू 'म', सुमिता र सन्चिता नेपाली समाजका प्रतिनिधि नारी पात्र हुन्। यस कथाको समाख्याता 'म' पात्र हो। कथामा उसको भूमिका महत्त्वपूर्ण छ। यस कथाको प्रमुख पात्र भने सुमिता र सन्चिता हुन्। लैङ्गिक प्रतिनिधित्वका दृष्टिले सुमिता एक उत्पीडित पात्र हो र उसलाई उत्पीडनको सिकार बनाउने उसको साथीका दाजुहरू पितृसत्ताको पृष्ठपोषक पात्र हो।

'दुर्घटना र घटना' लैङ्गिक रूपमा उत्पीडनमा परेका नारीको प्रतिनिधित्व गर्ने कथा हो । पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा पुरुषले नारीलाई शारीरिक मानसिक तथा यौनिक हिंसा गरी शोषण र उत्पीडन गर्ने गरेको पाइन्छ। कथाकी पात्र सुमितालाई आफ्नी साथीको घर जाँदा उसका दुई जना दाजुले हात खुट्टा बाँधेर बलात्कार गरे। यो दुर्घटनाले उसलाई मानसिक रूपमा आघात पुऱ्यायो। पितृसत्तात्मक समाजले नारीको इज्जत गए पछि फर्किएर आउँदैन भन्ने भनाइले गर्दा बलात्कार पछि आफ्नो अस्तित्व नरहेको महसुस गरी ऊ आत्महत्या गर्न पुग्छे। प्रस्तुत कथामा सुमिता नारी भएकै कारणले उत्पीडनमा परेकी छ। ऊ प्रभुत्वशाली पुरुषहरू आफ्नै साथीको दाजुहरूबाट बलात्कारको सिकार भई आत्महत्या गर्न बाध्य भएकी छ।

लैङ्गिक प्रतिनिधित्व र पहिचानका दृष्टिले समिता पितृसत्तात्मक समाजको पुराना आदर्श र थोत्रा संस्कारलाई तोड्न नसक्ने निरीह र उत्पीडित नारी हो। कथाको समाख्याता म पात्र जुन सुमिताको आमा हुन्। उनले आफ्ना छोरीहरूलाई आदर्शको फोस्रो पाठ पढाएर त्यही बाटो अबलम्बन गर्दा उनको छोरीले हत्या गरेकी छ। समाजसँग सामाना गर्न सक्ने आँट सुमितामा नदेखिनु पितृसत्तात्मक समाजको त्रास हो भन्ने कुरा सुमिताको अभिव्यक्तिमा पनि देखाइएको छ। यस कथामा पितृसत्ताद्वारा परिचालित परम्परा, संस्कृति, सामाजिक अवस्थाको अनुसरण गर्दा सुमिताको ज्यान गएपछि संचिताले आफ्नो सोच बदलेकी छ। उसले आफ्नो आवश्यकता अनुसार पुरुषलाई प्रयोग गरेकी छ। पितृसत्तात्मक स्वार्थीपनलाई उल्टाउँदै सन्चिताले पुरुषदम्भलाई पछारिदिएकी छन्। यसको पुष्टि तलको कथांशबाट गर्न सकिन्छ :

> "मेरो मस्तिष्क शून्य भयो। धेरै टाढा हुत्तियो मेरो मानसको हंस। र, यहाँका सम्पूर्ण वस्तुहरू सूक्ष्मातीसूक्ष्म भएर बिलाएझैँ भैरह्यो। निमेषभरमा नै म यथास्थितिमा फर्किएँ र सञ्चितालाई अँगालो हाल्न पुगे।

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

> त्यसपछि भक्कानो फुटाएर रून थालेछु म । "टेक इट इजी मम ! आइ रियल्ली इन्ज्वाइड इट, आइ एम ओ.के. वट टु टायर्ड । (पृ. ४०)

नारीको इतिहास नारीले नै लेख्नु पर्छ, नारी अधिकार पनि पुरुषकै अधिकारसरह कायम हुनुपर्छ भन्ने सोचले सञ्चितामा उत्पीडन बिरुद्ध प्रतिरोधी चेत खुलेको देखिन्छ । खान लाउन मात्र होइन नारीलाई प्रकृतिप्रदत्त जैविक आवश्यकताको बोध भएपछि उसले समाजको विभेदपूर्ण व्यवहारलाई तोड्ने सहास गर्छे । परम्परावादी सामान्ती सोच विरुद्ध नारीले पनि पुरुष सरह अधिकार पाउनुपर्छ भन्ने आशयमा संचिताले माथिको अभिव्यक्ति प्रस्तुत गरेकी हो । नारीलाई कमजोर ठानी होच्याउने, अपमान गर्ने, पितृसत्तात्मक सामन्ती संस्कारप्रति उसले असहमति जनाएकी छ । यो उत्पीडनको विरुद्ध उसमा आएको प्रतिरोधी चेतना हो । यसरी यी दुई कथा मध्ये 'दुर्घटना र घटना' कथाकी सञ्चिता एउटी चेतनशील नारीको पहिचान बनाएकी छ । भने 'हिमायती' कथाकी भूतपूर्व माननीयकी पत्नीले लैङ्गिक रूपमा शोषणमा परेकी एक निरीह नारीको प्रतिनिधित्व गरेकी छ ।

**'दोस्रो सत्ता', 'उकुचको जलप' र 'मेरो कथा नलेखिदिनू' कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचान**

प्रस्तुत 'दोस्रो सत्ता' कथा पितृसत्ताको दमनले किचेर सीमान्तकृत बनाउन नसकेको नारीको कथा हो । यस कथाकी मुख्य पात्र अमिताले लैङ्गिक प्रतिनिधित्व गरेकी छे । कथाको शुरुवातमा परम्परागत पितृसत्तात्मक प्रवृतिलेको सिकार बनेकी, पतिले जतिवटी पत्नी ल्याए पनि हुने, महिलाले त्यही पति भनेर उसैको पाउ मोलेर बस्नु पर्ने जस्ता पितृसत्तात्मक परम्परामा अभ्यस्त भएकी आमाले धेरै उत्पीडन सहेकाले आफ्नी छोरीलाई त्यही परम्परा दोहोर्याउन सम्झाइरहेकी हुन्छिन् । उदीयमान पिंढीको प्रतिनिधित्व गर्दै अमिताले उत्पीडनको प्रतिकारस्वरूप प्रतिरोधी भाव प्रकट गरेकी छ । ऊ समाजकी मूक चरित्र निर्वाह गर्ने प्रतिनिधि पात्र हो । ऊ र उजस्ता अनेकौं नारीहरू छन् जो अतिशय पीडाजन्य व्यवहार सहेर पनि आफ्नो भाग्यलाई दोष दिई निरीह र मूक चरित्र निर्वाह गर्ने पात्रको रूपमा देखिन्छन् । अतः अमिताकी आमा नियतिलाई कर्मको दोष ठानेर हरेक यातना सहेर बसेकी सहनशील पुरातनवादी पहिचानको प्रतिनिधित्व गर्ने प्रतिनिधि पात्र हो । नारीको निरीह र पराधीन पहिचानलाई प्रस्तुत गरिएको कथांश यसप्रकार छ :

> यो पुरुषप्रधान समाजले पनि आइमाईलाई तँ कमजोर,तँ लोग्ने मानिसको सम्पत्ति,तँ लोग्ने मानिसद्वारा शासित' भनेर घोकाइरह्यो । जसले गर्दा आइमाईहरू आफू लोग्ने मानिसभन्दा कमजोर, लोग्ने मानिसका सम्पत्ति र लोग्ने मानिसद्वारा शासित हुनुमै गौरव गर्दै आइरहेको मैले महसुस गरेको छु । मेरी आमा यसै प्रकरणकी एउटी उदाहरण हुन् पुगेकी आइमाई हुन् । (पृ. १३६)

सृष्टिमा महिला र पुरुषका चाहना र रहर समान हुन्छन् । अतः सामाजिक संस्कार र संस्कृतिमा समनता वि›ोही र सचेत नारीको बिच समानता हुनुपर्छ । आफ्नी आमाले सहेको परम्परागत पुरुष सामन्ती प्रवृत्तिको विरोध गर्दै अमिता प्रतिकारमा उत्रिएर आफू र आफूजस्तै अन्य नारी पनि मानव नै हुन् भन्ने पहिचान स्थापित गर्न सक्षम भएकी छ । प्रस्तुत कथांशमा अमिताभित्रको प्रतिरोधी चेतना प्रकट भएको कुराको सङ्केत पाइन्छ साथै उत्पीडनका कारण उसमा प्रतिरोधी जागृत हुन थालेको कुरा झल्काइएको छ । नारीको अस्तित्व बोधले गर्दा महिला पुरुष समान हुन् भन्ने सोच राख्दै अमितले एउटी चेतनशील नारीको पहिचान बनाएकी छ ।

'उकुचको जलप' कथाकी प्रमुख पात्र 'म' नेपाली समाजकी मूक प्रतिरोधी भावनाकी प्रतिनिधि नारी पात्र हो । यस कथाकी समख्याता स्वयम् आफैं हो र ऊ नै लैङ्गिक प्रतिनिधि पात्र र पात्रहरू पनि हुन् । पितृसत्तात्मक सामाजिक संरचना विद्यमान रहेको समाजमा पुरुषमा मात्र नभई महिलामा पनि पितृसत्तात्मक विचारधारा निर्माण भएको हुन्छ (भट्टराई ,२०७७, पृ. १३०) त्यसैले समाजमा महिलाद्वारा महिला नै हिंसामा परेको देखिन्छ । सासूले आफ्नो छोरालाई चाहिँ आयआर्जनको बाटो नसमाउँदा पनि केही भनेकी छैनन् तर पढेलेखेकी बुहारीले जागिर खानै पर्ने भन्ने धारणा रोखेकी छन् । यस कथाकी म पात्रलाई आफ्नो छोराछोरी, घरपरिवारसँग बस्ने चाह हुँदा हुँदै पनि लोग्नेले केही नगरिदिँदा उसले आयआर्जनको बाटो समाउनुपरेको छ । यस कथाका प्रमुख पुरुष पात्र म पात्रको लोग्ने हो । अन्य पात्रहरूमा यस कथाको पुरुष पात्र लोग्नेले प्रभुत्वशाली सामन्ती संस्कृतिको प्रतिनिधित्व गरेको छ भने उनीहरूको पहिचान स्वार्थी, कठोर र उत्पीडक पुरुषका रूपमा भएको छ । उनीहरूकै माध्यमबाट समाजमा पुरुषको

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

स्थान कुन र कस्तो छ भन्ने कुरा देखाइएको छ । घरभित्रको काम सकेर जागिर गरी इमानदारीपूर्वक कर्तव्य निर्वाह गर्दा पनि कहिलेकाहीँ जागिरको कामले अलिकति ढिलो घर आउँदा श्रीमान्ले कुनै सहानुभूति देखाएको छैन । नारीले सकी नसकी जसरी पनि घरभित्र र बाहिरको दुवै काम गर्नुपर्छ भन्ने पितृसत्तात्मक समाजको प्रवृत्ति यस कथाको पुरुष पात्रमा देखिएको छ । यहाँ परिवारको आवश्यकतालाई महत्त्व दिएर दिनरात नभनी घरपरिवारकै भलाइका लागि आफ्नो सारा इच्छा आकाङ्क्षा बिर्सिएर, सानो बच्चा छोडेर जागिर खान गएकी हुन्छे । आफू केही नगर्ने लोग्नेले उसलाई सहयोग गर्ने बेलामा उसको पक्षमा बोलिदिने कोही पाउँदिन । उसले आँखाबाट निस्कन लागेका आँसुका थोपालाई आफैँभित्र लुकाएर मन मस्तिष्क दुवै घाइते बनाउँदै रात निकै बितिसकेपछि सुत्न ओछ्यानमा पुगे पनि निन्द्रा नलागी छटपटाइरहेको कथामा उल्लेख छ ।

समाजमा नारी पुरुष दुवै मानवीय अस्तित्व बोकेर जन्मिएको भए पनि सिमोन द बुभा (१९५३) ले भनेजस्तो पितृसत्तात्मक समाजले नारीलाई नारीको भूमिकामा सीमित बनाइदिन्छ भने जस्तै माथिको लोग्नेको मनोभाव देखाइएको छ । समाजमा नारीले आफ्ना लागि बाँच्ने नभई लोग्ने र परिवारका लागि बांचिदिनुपर्ने रहेछ भन्ने कुरा देखाइएको छ । यस कथाकी म पात्र आफ्नी सासू र लोग्नेबाट प्रताडित बनेकी छ । आफू कुनै काम पनि नगर्ने पत्नी कामबाट अलिकति ढिला आउँदा पनि उसलाई लोकलाजको ध्यान राख्नु पर्छ भन्दै धम्क्याउने गरिएको छ । यसबाट पनि श्रीमती मनोवैज्ञानिक रूपमा पीडित बनेकी छ । घर धान्न उसले गरेका योगदानको कदर गर्नुको सट्टा उसलाई उल्टै उसमाथि आफ्नो प्रभुत्व लादेको देखिन्छ । आफू भित्र भित्रै तड्पिएर पनि समाजको नजरमा आदर्श जीवन बाँचिरहेकी नारीको पहिचान यस कथामा प्रतिबिम्बित भएको छ । लोग्नेले समेत उपेक्षापूर्ण नजरले हेर्ने गरेकाले ऊ लैङ्गिक प्रतिधित्व र पहिचानका दृष्टिले उपेक्षित र उत्पीडित बनेकी छ भन्ने कुरा देखाइएको छ ।

'मेरो कथा नलेखिदिनू' कथाकी मुख्य पात्र सुनितीलाई उसका बाबुआमाले आर्थिक प्रलोभनमा परेर परिवारबाटै विदेशी नागरिकसँग बिहे गरिदिएका छन् । बिहे गरेर लण्डन पुर्याएकी सुनिती केही दिन रहेपछि आफ्नो पतिको यौनाङ्ग नभएको थाहा पाएपछि उसको लाग्नेले उसलाई छोडिदिएको छ । विवश सुनितीलाई उसको ससुराले उसलाई आफ्नो अनुकूल भोग्न खोजेको छ । उसको नारी अस्मिता समाप्त पार्न खोजेको छ । उसलाई प्रभुत्वशाली पुरुषहरूले मनोरञ्जनको साधनमा रूपमा उपयोग गर्न खोजेका छन् । ऊ निमुखा एवम् निरीह नारी भएकै कारणले प्रभुत्वशाली पुरुषहरूबाट यौन शोषणमा पार्न खोजेका छन् । सुनितीलाई विदेशको वैभव देखाएर बिहे गरेर लण्डन लागेको केही समयसम्म प्रभुत्वशाली वर्गद्वारा मनोरञ्जनको साधनको रूपमा सुनितीको शरीरको उपयोग गरिएको छ । बिहे गरेको केही दिनसम्म झिलिमिलीमा नारी अस्मिता लुटिँदा त्यस किसिमको घटना सुख वा दुःख के थियो त्यसको विवेचनाको सुविधा र समय सुनितीले पाएकी छैन । नेपाल फर्केपछि मात्र उसले आफ्नो जीवन अन्धकारमय हुन पुगेको चाल पाउँछे ।

यही कथाको पुरुष पात्र ऋषभ यौनाङ्ग कमजोर भएको कारण सुनितीबाट घृणित हुन्छ । ऋषभका पिताले नेपाली पितृसत्तात्मक समाजले स्थापना गरेको मूल्य मान्यताको पृष्ठपोषण गर्ने सोचको प्रतिनिधित्व गरेको छ । ऊ शिक्षित तर रूढिवादी सोच राख्ने त्यस्ता पुरुषहरूको प्रतिनिधि हो जो नारीलाई आफ्नो हातको खेलौना ठान्छन् र आफूले चाहेअनुसारको साँचोमा ढाल्न सकियोस् भन्ने सोच्दछ । झुक्याएर बिहे गरी विदेश पुर्याएर केही दिनसम्म उपयोग गरी निकालिएकी निरीह निमुखा, अबला सुनितीले आफ्नो अस्तित्वको लागि आवाज उठाएर एक सचेत नारीको प्रतिनिधित्व गरेकी छ । कथामा क्रुर मानसिकता भएका पुरुष पात्रहरूको थिचोमिचो, डर र धम्कीबाट नडराउने र नारीमाथि हुने विभिन्न शोषणका विरुद्ध प्रतिरोधमा उत्रने सहासी नारी पात्रको प्रतिनिधित्व सुनितीले गरेकी छे । कथाकारले नारीहरुमा दृढ सहास हुनाले उनीहरुले चेतनशील नारीको पहिचान बनाएका छन् भन्ने देखाइएको छ ।

**निष्कर्ष**

इन्दिरा प्रसाईका कथामा लैङ्गिक रूपमा उत्पीडित नारी तथा प्रभुत्वशाली उत्पीडक पुरुष पात्रहरूको प्रतिनिधित्व पाइन्छ । नेपाली समाजको स्वरूप पितृसत्तात्मक सामाजिक संरचनामा आधारित भएकाले उनका कथाका नारी पात्रहरूको पहिचानको अवस्था कमजोर रहेको छ । उत्पीडनमा परेका नारी पात्रले पनि लैङ्गिक चेतनाका अभावका कारण पितृसत्ताकै विचारधारालाई आत्मसात् गरेका छन् । कतिपय कथामा एउटा नारीबाट नै

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

अर्को नारीले शोषण, दमन र उत्पीडन सहनुपरेको छ । त्यसैले नारीको पहिचान शक्तिहीन र अधीनस्थ बन्न पुगेको छ । पितृसत्तात्मक सामन्ती संस्कारको प्रतिनिधित्व गर्ने पुरुषहरू नारीमाथिको दमन र शोषणमा केन्>त भएकाले पुरुषको पहिचान प्रभुत्वशाली बन्न पुगेको छ । केही नारी पात्रले भने त्यसको प्रतिकार गरेर चेलनशील नारीको प्रतिनिधित्व पनि गरेका छन् ।  कथामा प्रयुक्त सबै नारी र पुरुष पात्रले नारी र पुरुषसम्बन्धी फरकफरक मान्यताको प्रतिनिधित्व गरेका छन् । त्यसैले उनीहरूको पहिचान पनि भिन्नभिन्न छ । अधीनस्थ समुदायको प्रतिनिधित्व गर्ने कथाका नारी पात्रहरू पितृसत्तात्मक सामन्ती संरचनाको अनुसरणमै केन्>त रहेकाले त्यहाँ भएका अन्याय अत्याचारका विरुद्ध प्रतिकार गरेका छैनन् । त्यसैले उनीहरूको पहिचान परम्परागत र अधीनस्थ नारीकै रूपमा रहेको छ ।

**सन्दर्भ सामग्रीसूची**

उप्रेती, सञ्जीव (२०६९). *सिद्धान्तका कुरा* (चौथो संस्क.). अक्षर क्रियसन्स ।

खनाल, राजेन्> (२०७५).*लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग.* सनलाइट पब्लिकेशन ।

गुरुङ, सुशान्त (२०६९) *भूमण्डलीकरण र सांस्कृतिक अध्ययन,* भृकुटी -(भाग, १७), भृकुटी एकेडेमिक पब्लिकेशन्स, पृ. १०३- ११२ ।

चैतन्य. (२०७०). *समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन. भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), पृ.१४२-१६५ ।

त्रिपाठी, सुधा (सन् २०१२). *नारीवादी सौन्दर्य चिन्तन.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

प्रसाई, इन्दिरा (२०५१). *मन सायद उघ्रदैन.* सुशील शर्मा ।

प्रसाई, इन्दिरा (२०६२). *दोस्रो सत्ता,* साभा प्रकाशन ।

प्रसाई, इन्दिरा (२०७४). *मेरो कथा नलेखिदिनू.* नइ प्रकाशन ।

प्रसाई, इन्दिरा (२०७९). *बघेनी.* नइ प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६८). लैङ्गिक समालोचना. *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड) राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.). रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद. (२०७०). “सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू” *भृकुटी.* ( ३/१९). पृ. ३३५–३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७७ क).*सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय)अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* भुँडीपुराण प्रकाशन ।

Barker, C. (2008). *Cultural studies: Theory and practice*. Third ed. London, Sage Publications.

Beauvoir, Simon D.  (1953). *The second sex* (Translated and edited by H.M. Parshley). Knopt.

Carter, E (2000). "Gender". *Culture and critical theory* (ed. Michael Payne). Blackwell Publishers Ltd.